जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ७८ • २०८३ साल साउन २१ गते बिहीबार (6 August, Thursday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-

## भेटेरिनरी अस्पतालका प्रमुख र चालकविरुद्ध भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम । सप्तरीको राजविराजस्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका कार्यालय प्रमुख डा.रामपवित्र दास र हलुका सवारी चालक भोगेन्द्र यादवविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालत काठमाण्डुमा आरोपपत्र दायर गरेको जनाएको छ।

भ्याक्सिनेटरहरूले पाउने भुक्तानी रकमबाट २० प्रतिशत कमिसन मागेको उजुरीका आधारमा अख्तियारको टोलीले आरोपितहरूलाई नियन्त्रणमा लिएको थियो।

अनुसन्धानका क्रममा कार्यालय प्रमुख डा.रामपवित्र दासले भ्याक्सिनेटरहरूलाई खोप कार्यक्रम सम्पन्न गरेबापत कानुन बमोजिम पाउनुपर्ने पारिश्रमिक भुक्तानी गर्दा चालक भोगेन्द्र यादवसँगको मिलेमतोमा रकम मागेको खुलेको छ। उनीहरूले कम्तीमा २० प्रतिशत घुस नदिइ नहुने बाध्यता पारेर १ लाख ३२ हजार ३५० रुपैयाँ घुस लिएको पुष्टि भएको छ।

आयोग ले दुबै जनालाई १ लाख ३२ हजार ३५० रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कैद र बिगो अनुसारको जरिवाना सजायको मागदाबी गर्दै बुधबार विशेष अदालतमा मुद्दा दायर गरेको छ।

### 'सांसद विकास कोष' असंवैधानिक

# मधेश सरकारको निर्णय सर्वोच्चद्वारा बदर, सांसद विकास कोषमा पूर्णविराम

**टुडे समाचारदाता**

जनकपुरधाम । सर्वोच्च अदालतले 'सांसद विकास कोष' वा 'संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम'का नाममा सांसदहरूलाई बजेट बाँड्ने, योजना छनोट गराउने तथा कार्यान्वयन प्रक्रियामा प्रत्यक्ष संलग्न गराउने अभ्यास नेपालको संविधान, शक्ति पृथकीकरणको सिद्धान्त तथा संघीय शासन व्यवस्थाको मर्मविपरीत हुने स्पष्ट व्याख्या गरेको छ।

मधेश प्रदेश सरकारले आफ्ना सांसदहरूलाई करोडौँ रुपैयाँ बराबरका विकास योजना सञ्चालन गर्न दिने तयारी गरेको भन्दै दर्ता गरिएको रिट निवेदनमाथि अन्तिम फैसला गर्दै सर्वोच्चले यस्ता कार्यक्रम भविष्यमा सञ्चालन नगर्न तथा सांसदहरूलाई कार्यकारी प्रकृतिका विकास निर्माणका काममा संलग्न नगराउन निर्देशनात्मक आदेश जारी गरेको छ।

न्यायाधीश सपना प्रधान मल्ल र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले २०८१ पुस १२ गते फैसला सुनाएका थिए। उक्त फैसलाको पूर्णपाठ बुधबार सार्वजनिक भएको छ।

मधेश प्रदेशमा जनमत पार्टीका नेता सतीशकुमार सिंहको नेतृत्वमा सरकार गठन भएपछि २०८१ जेठ २५ गते बसेको पहिलो मन्त्रिपरिषद् बैठकसंगै विवाद शुरु भएको थियो।

त्यतिबेला मन्त्रिपरिषद्ले प्रत्यक्ष निर्वाचित प्रदेश सांसदलाई ५ करोड रुपैयाँ र समानुपातिक सांसदलाई १ करोड ५० लाख रुपैयाँ बराबरका योजना सञ्चालन गर्न दिने निर्णय गरेको समाचार सार्वजनिक भएको थियो । निर्णय औपचारिक रूपमा सार्वजनिक नगरिए पनि सांसदहरूलाई निर्वाचन क्षेत्रमा योजना छनोट गर्ने अधिकार दिने तयारी भएको विषय व्यापक चर्चामा आएको थियो।

यसले प्रदेश सरकार कार्यकारी अधिकारभन्दा बाहिर गएर सांसदलाई बजेट खर्च गर्ने भूमिकामा लैजान खोजेको भन्दै कानुनी तथा राजनीतिक बहस चर्कियो। संविधानले स्थानीय तहलाई दिएको विकास निर्माणसम्बन्धी अधिकार प्रदेश सांसदमार्फत प्रयोग गराउन खोजिएको आरोपसमेत लाग्यो।

यही पृष्ठभूमिमा बाराका पारितोकुमार साह, आबिद हुसेन तथा अधिवक्ता विक्रम भण्डारीलगायतले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए। रिटमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालयलगायतलाई विपक्षी बनाउँदै कथित निर्णय बदर गर्न उत्प्रेषणको आदेश माग गरिएको थियो। निवेदकहरूले उक्त निर्णयले संविधानको धारा १६२ अन्तर्गत प्रदेश कार्यकारिणी अधिकार र धारा २१४ अन्तर्गत स्थानीय तहको कार्यकारिणी अधिकार उल्लंघन गरेको, बजेटको अपारदर्शी प्रयोग तथा राजनीतिक प्रभावका आधारमा योजना वितरण हुने जोखिम बढाउने जिकिर गरेका थिए।





रिटमाथि सुनुवाइका क्रममा मधेश प्रदेश सरकारका तर्फबाट अदालतमा पेश गरिएको लिखित जवाफमा भने जेठ २५ गतेको मन्त्रिपरिषद् बैठकले सांसदहरूलाई योजना वा बजेट बाँड्ने सम्बन्धमा कुनै औपचारिक निर्णय नगरेको दाबी गरिएको थियो।

सरकारले आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम तथा बजेटमा 'संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम' शीर्षकमा कुनै रकम विनियोजन नगरिएको र त्यस्तो कोष नै स्थापना नभएकाले रिटको औचित्य समाप्त भएको दाबी गरेको थियो।

सर्वोच्च अदालतले सरकारकै लिखित जवाफका आधारमा औपचारिक निर्णय नभएको तथा बजेटमा रकम विनियोजन नगरिएको देखिएकाले यसपटक उत्प्रेषणको आदेश जारी गरेर निर्णय बदर गर्नुपर्ने अवस्था नरहेको निष्कर्ष निकाल्यो।

तर, अदालतले विषयको संवैधानिक गम्भीरतालाई दृष्टिगत गर्दै भविष्यमा यस्ता कार्यक्रम सञ्चालन नगर्न र सांसदलाई कार्यकारी भूमिकामा लैजाने अभ्यास नगर्न निर्देशनात्मक आदेश जारी गरेको छ।

पूर्णपाठमा अदालतले सांसदको संवैधानिक भूमिका स्पष्ट गर्दै भनेको छ, "सांसदहरूको मुख्य जिम्मेवारी सरकारको कामकारबाहीमाथि निगरानी राख्ने, कानुन निर्माण गर्ने तथा बजेट स्वीकृत गर्ने हो। बजेट स्वीकृत गर्ने व्यक्ति स्वयं योजना छनोट गर्ने, उपभोक्ता समिति गठन गर्ने र बजेट खर्च गर्ने प्रक्रियामा संलग्न हुँदा गम्भीर स्वार्थको द्वन्द्व उत्पन्न हुन्छ।"

अदालतका अनुसार यस्तो अभ्यासले वित्तीय अनुशासन, पारदर्शीता तथा सुशासनको आधारभूत सिद्धान्तमै असर पुर्‍याउँछ।

फैसलामा संविधानले स्थानीय स्तरका सडक, भवन, सिँचाइ, खानेपानीलगायतका अधिकांश साना पूर्वाधार निर्माणको अधिकार स्थानीय तहलाई दिएको उल्लेख गरिएको छ।

यस्ता योजना सांसदमार्फत सञ्चालन गरिँदा गाउँपालिका र नगरपालिकाको संवैधानिक अधिकार कमजोर हुने, संघीय संरचनामा दोहोरो अधिकार सिर्जना हुने तथा सहकारितामूलक संघीयताको मर्मविपरीत परिणाम आउने सर्वोच्चको ठहर छ।

अदालतले सांसद विकास कोषले स्थानीय सरकारलाई छायाँमा पार्ने र जनप्रतिनिधिहरूबीच अनावश्यक अधिकारको द्वन्द्व सिर्जना गर्ने उल्लेख गरेको छ।

सर्वोच्चले प्रत्यक्ष निर्वाचित सांसदलाई ५ करोड रुपैयाँ र समानुपातिक सांसदलाई १ करोड ५० लाख रुपैयाँ बराबरका योजना दिने अवधारणामाथि पनि गम्भीर टिप्पणी गरेको छ।

सर्वोच्चले आफ्नो निष्कर्षलाई बलियो बनाउन भारत र फिलिपिन्सका सर्वोच्च अदालतका महत्वपूर्ण फैसलासमेत उद्धृत गरेको छ।

संघीय संसद् र केही प्रदेशमा विभिन्न नाममा सांसदलाई निर्वाचन क्षेत्रमा खर्च गर्ने बजेट उपलब्ध गराउने अभ्यास विगतदेखि दोहोरिँदै आएको थियो।

तर, उक्त कार्यक्रमले सांसदलाई कार्यपालिकाको भूमिकामा पुर्‍याउने, स्थानीय तहको अधिकार खोस्ने, बजेटको राजनीतिक दुरुपयोग गर्ने तथा पारदर्शीतामाथि प्रश्न उठाउने भन्दै नागरिक समाज, पूर्वप्रशासक तथा कानुनविद्हरूले निरन्तर आलोचना गर्दै आएका थिए।

यसअघि पनि संघीय सरकारले सञ्चालन गरेको निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सर्वोच्च अदालतको आदेशपछि रोकिएको थियो। मधेश प्रदेशको विवादले पुनः त्यही संवैधानिक प्रश्न अदालतसमक्ष पुगेको थियो।

### मल ओसारपसार आरोपः

# भारतीय जेलमा रहेका सर्लाहीका दुईजना किसान रिहा हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । आफ्नै खेतमा प्रयोग गर्नका लागि रासायनिक मल ल्याउन सीमावर्ती भारतीय बजार सोनवर्षा पुगेका सर्लाहीका दुई दाजुभाइ एक महिनाभन्दा बढीको जेल जीवनपछि अन्ततः जमानतमा रिहा हुने भएका छन्। भारतस्थित सीतामढी जिल्लाको डुमरा व्यवहार अदालतले बुधबार सिंह दाजुभाइलाई बेल (जमानत) मा छाड्ने आदेश दिएको छ। अदालतका मुख्य न्यायाधीश अखिलेशकुमार झाको एकल इजलासले दुवै दाजुभाइलाई धरौटीमा रिहा गर्ने निर्णय सुनाएको छ।

असार १७ गते दुई थान बोरा युरिया र ६ थान बोरा डीएपी मल लिएर घर फर्किँदै गरेका बलरा नगरपालिका-५ का ५५ वर्षीय सुरेशप्रसाद सिंह र ६० वर्षीय नागेन्द्रप्रसाद सिंहलाई भारतीय सीमा सुरक्षा बल (एसएसबी) र भारतीय कृषि विभागको संयुक्त टोलीले नियन्त्रणमा लिएको थियो। भारतीय अधिकारीहरूले उनीहरूमाथि 'मल तस्करी' को गम्भीर आरोप लगाएर सोनवर्षा थाना पुर्‍याएका थिए। पछि उनीहरूलाई सीतामढीको डुमरास्थित कारागार चलान गरियो।अदालतमा सिंह दाजुभाइको तर्फबाट डुमराका वकिल संजयकुमार झा र किरण चौधरीले बहस गरेका थिए। वकिल झाले न्यायाधीशबाट बेलको आदेश भएपछि अब दुई दिनभित्र दुवै दाजुभाइ जेलमुक्त हुने बताए। वकिल झाका अनुसार बिहीबार दुवैजनाको बेल आदेशको कागजात जुनियर न्यायाधीशले लेखापढी गरेर डुमरा कारागार पठाइनेछ। कारागारमा सिंह दाजुभाइले बेल (जमानत) को आदेश कागजमा हस्ताक्षर गर्नेछन्। उक्त कागज पुनः अदालत लगिन्छ र त्यहाँबाट प्रक्रियालाई अन्तिम रूप दिँदै आफन्तको जग्गाजमिन धरौटी राखेर जमानतमा छाड्ने आदेश दिइन्छ। उक्त आदेश कारागारमा लगेर दिएपछि मात्र सिंह दाजुभाइ जेलमुक्त हुनेछन्।





वकिल झाले सिंह दाजुभाइको जमानत हुन अझै २ दिन लाग्ने बताए। 'बेलको आदेश भएपछि अब समस्या छैन,' उनले भने, 'अदालतले छिटो प्रक्रिया गर्‍यो भने दुई दिनमा जमानतमा बस्ने आफन्तलाई जिम्मा लगाइन्छ।' कारागारबाट छुटे पनि सिंह दाजुभाइ भने महिनामा एक पटक तारेखका लागि डुमरा अदालत आउनुपर्ने वकिल झाले सुनाए। सिंह दाजुभाइको मुद्दा पहिलो नम्बरमै अदालतका सह-विशेष न्यायाधीश अखलेश कुमार झाको एकल इजलासमा परेको थियो। केही समयको बहसपछि दुवैको बेल आदेश भएको छ। दुबैजनालाई केही समय अदालतमा हाजिर गराइ पुनः कारागार पठाइएको थियो। सिंहका अनुसार अब दुई दिनभित्र दुवैजना जेलमुक्त हुनेछन्।धान रोपाइँको सिजनमा स्वदेशमै मल नपाएपछि उनीहरू विगतका वर्षमा जस्तै सीमावर्ती भारतीय बजार सोनवर्षा पुग्न बाध्य भएका थिए। मल ल्याउने क्रममा पक्राउ परेका सिंह दाजुभाइबारे घटना सार्वजनिक भएपछि सरकारले समेत चासो लिएको थियो। त्यसलगत्तै परराष्ट्रमन्त्री शिशिर खनालले घटनाबारे चासो देखाउँदै नयाँ दिल्लीस्थित नेपाली दूतावासमार्फत भारत सरकारसँग कूटनीतिक समन्वय गरेका थिए।

नेपालमा खेतीपातीको मुख्य सिजनमा हरेक वर्ष रासायनिक मलको चरम अभाव हुने गर्दछ। सरकारले पर्याप्त र समयमै मल उपलब्ध गराउन नसक्दा सीमावर्ती क्षेत्रका किसानहरू आफ्नै जीविकोपार्जन र बाली जोगाउन भारतीय बजारमा निर्भर हुन बाध्य छन्। व्यापारिक प्रयोजनका लागि नभई आफ्नै प्रयोगका लागि थोरै परिमाणमा मल ल्याउँदा पनि भारतीय सुरक्षा निकायले कठोर व्यवहार गर्दै तस्करीको मुद्दा चलाउने गरेकाले सीमा क्षेत्रका नेपाली किसानहरूले बर्सेनि यस्ता सास्ती र कानुनी झमेला भोग्नुपरिरहेको गुनासो पोख्छन्।बुवा र काकाको छुट्ने खबर सुनेर छोरा अभिनास सिंहले खुसी व्यक्त गरे। 'ढिलै भए पनि बुवाहरू छुट्ने आदेश भयो। अब मन हल्का भएको छ,' उनले भने, 'मलकै लागि बुवाहरू भारतीय जेलमा पर्नुभयो, तर अहिलेसम्म नेपालमा मल पाइएको छैन। यो साह्रै दुःखद हो।'

किसानहरूलाई मलको मूल्य, गुणस्तर र आपूर्ति सुनिश्चित गर्ने उद्देश्यका लागि भारत सरकारले जारी गरेको फर्टिलाइजर कन्ट्रोल अर्डर (एफसीओ) अनुसार कृषिका लागि प्रयोग हुने मल किसानलाई अनुदानमा वितरण गरिने वस्तुमा पर्छ। त्यस किसिमको वस्तुलाई अनुमतिबिना वा व्यापारिक प्रयोजनका लागि देशबाहिर लैजान नपाइने व्यवस्था छ। भारतको अत्यावश्यक वस्तु ऐन, १९५५ ले मललाई पनि अत्यावश्यक वस्तु मानेको छ।

त्यसैले अत्यावश्यक वस्तुमा पर्ने मलको नेपालतर्फ हुने ओसारपसारमा भारतीय सुरक्षा अधिकारीले कडाइ गर्दै आएका छन्। भारत सरकारले मलको ओसारपसारमा कडाइ गरिरहेका बेला यता नेपालमा भने सरकारले नै किसानहरूलाई आवश्यक मल उपलब्ध गराउन सकेको छैन। जसको मारमा सीमावर्ती क्षेत्रका सिंह दाजुभाइजस्ता किसानहरू पर्दै आएका छन्। तर पनि सरकार यसप्रति गम्भीर नभइ किसानको समस्याप्रति चासो नदेखाएको आरोप किसानहरुले लगाउन थालेका छन्।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# संवादबाट समाधान गर

सुनसरी जिल्लाको देवानगञ्ज गाउँपालिकाको वडा नम्बर ३ स्थित कप्तानगञ्जमा भएको घटनामा तीन जनाको मृत्यु र सिरहा जिल्लाको गोलबजारमा भएको घटनामा १ जना समेत ४ जनाको मृत्यु भएको घटनाको निष्पक्ष छानबिन र दोषी उपर कारबाहीको माग गर्दै आमरण अनशनमा बसेका राष्ट्रिय एकता दलका सभापति विनय कुमार यादवले गरेको आमरण अनसनप्रति सरकारले तत्काल ध्यान दिन आवश्यक छ। अनसनमा बसेका विनय यादवको स्वास्थ्यस्थिति बिग्रन थालेको छ। अनसनरत्त यादवले सुनसरी र सिरहा जिल्लामा भएको घटनाको निष्पक्ष छानबिन हुनुपर्ने, दोषीमाथि कानुनी कारबाही, पीडित परिवारलाई न्याय तथा राहत उपलब्ध गराउनु पर्नेलगायतका मागहरु पूरा गर्नुपर्ने माग गरेका छन्। यादवको अनसनप्रति जनता समाजवादी पार्टी नेपालका नेता एवं पूर्वमन्त्री राजकिशोर यादव, राजेन्द्र महतोलगायतका नेताहरुले एक्यबद्धता जनाएका छन्। विभिन्न राजनीतिक दलका नेताहरुले यादवको मागप्रति एक्यबद्धता जनाउँदै संवादबाट समाधान खोज्न सरकारलाई आग्रह गरेका छन्। सरकारको तर्फबाट गृहमन्त्री सुधन गुरुंगले पीडित परिवारसित भेट गरी ७ बुँदे सहमति गरिसकेका छन्। गृहमन्त्रीसित पीडित परिवारको सहमति भएपछि शवको दाहसंस्कार गरिएको हो। हुन त सरकारले गरेको सहमतिको कार्यान्वयन फितलो भएको आन्दोलनरत्त पक्षले आरोप लगाएको छ। सहमति भएको हप्ता दिन हुन लाग्दा पनि कार्यान्वयन नभएको उनीहरुको आरोप छ। यस विषयमा सरकारले कुनै प्रतिक्रिया जनाएको छैन। सुनसरीबाट शुरु भएको विरोध मधेश/तराईका कयौँ जिल्लामा फैलिएको थियो। तर सर्वदलीय सहमतिपछि सद्भाव र्‍याली निकाल्दै स्थिति सामान्य बन्यो। जनजीवन पनि समान्य भइसकेको छ। स्थानीय प्रशासनले जारी गरेको कर्फ्यू र निषेधाज्ञा समेत हटिसकेको छ। तर पीडित पक्षले हालसम्म राहत पाएका छैनन्। घटनाको निष्पक्ष छानबिन समेत हुन सकेको छैन। सरकारले गठन गरेको छानबिन समितिमा सुरक्षानिकायकै उपल्लो अधिकारीहरु रहेकाले दोषीहरुलाई उन्मुक्ति दिइने आशंका गरिएको छ। घटनामा ४ जना जेन-जी युवाहरुको मृत्यु भएको छ। तर गोली नै हानेर समाधान खोज्ने निकाय दोषमुक्त हुनेछ। सत्तारुढ दलका सांसद डा.अमरेश कुमार सिंहले प्रतिनिधि सभाको बैठकमा तराई/मधेशमा हुने विरोध प्रदर्शनहरुमा सुरक्षाकर्मीहरुले लाठी चार्ज गर्ने, अश्रुग्यास प्रहार गर्ने, पानीको फोहोरा हान्नेलगायतका उपायहरु अबलम्बन नगरी सोभै छाती, पेट र टाउकोमा एसएलआरबाट गोली हान्ने गरिएको आरोप लगाए। प्रहरीलाई शान्ति सुरक्षा गर्न एसएलआर नै उपलब्ध गराइएकोले गोली हान्ने गरिएको उनको कथन थियो। सुनसरी र सिरहाको घटनामा दोषी पत्ता लगाउन आवश्यक छ। राष्ट्रिय एकता दलका सभापति यादवले गरेको अनसनमा उठाएका मागहरुलाई सरकारले सम्बोधन गरी तत्काल अनसन हटाउनेतर्फ पहल गर्न आवश्यक छ।

# देवानगञ्ज घटनाले बजाएको ‘खतराको घण्टी’



● अर्जुन आचार्य

सुनसरी जिल्ला जातीय र धार्मिक विविधता भएको जिल्ला हो। साउन १० गते देवानगञ्ज-३, कप्तानगञ्जमा भएको हिंसात्मक झडपबाट स्थानीय तीन युवाको मृत्यु हुनु र सिङ्गो मधेस प्रभावित हुनेसम्मको घटनाले यसको संवेदनशीलता पनि त्यतिकै बढी छ। यो घटना एउटा स्थानीय झडपमात्र थिएन, दशकौँदेखि गुम्सिएर रहेको अविश्वास, राज्यको फितलो उपस्थिति र बढ्दो साम्प्रदायिक ध्रुवीकरणको एउटा अभिव्यक्ति पनि थियो।

मृतकका परिवार र सरकारबिच साउन १५ गते ७ बुँदे सहमति भयो। मृतकलाई ‘सहिद’ घोषणा गर्ने प्रक्रिया थाल्ने, १०-१० लाख क्षतिपूर्ति दिने, परिवारका सदस्यलाई रोजगारी दिने र स्मृति पार्क बनाउने जस्ता बुँदाहरूले तत्कालको आक्रोश र शव व्यवस्थापनको सङ्कटलाई टार्‍यो पनि। तर, के यी सहमतिले मात्रै कप्तानगञ्जमा रोपिएको अविश्वासको आगोलाई निभाउन सकिन्छ ? यो गम्भीर प्रश्न हो।

कप्तानगञ्जको यो घटना सुनसरीका लागि नौलो वा पहिलो भने होइन। यस्ता घटना विगतदेखि नै भइरहेका छन्। २०८० को भदौमा धरानमा भएको मन्दिर र चर्च निर्माणको विवाद लगायतपछि उत्पन्न तनावले सिङ्गो देशलाई तरङ्गित बनाएको थियो। इनरुवा, हरिनगर र भुटाजस्ता दक्षिणी भेगमा मूर्ति विसर्जन (सेलाउने) वा मुहर्रमका बेला ताजिया निकाल्ने क्रममा हुने सानातिना विवाद पटक-पटक ठुला झडपमा परिणत भएका छन्। विगतमा मदरसा र मन्दिरको जग्गा, मेला-जात्रा र धार्मिक जुलुसका रुटलाई लिएर पनि विवाद भइरहन्थे। यसले दुई समुदायबिचको मनोवैज्ञानिक पर्खालहरू अग्लो बन्दै गयो। त्यही कारण कप्तानगञ्ज र वरपरका क्षेत्रमा हिन्दु र मुस्लिम समुदायबिच शताब्दीयौँदेखि रहँदै आएको सद्भावपूर्ण सम्बन्ध शङ्कामा बदलियो।

मदरसाहरूको संरचना र कार्यशैलीलाई लिएर अर्को पक्षमा गहिरो संशय छ। ६ फिटको सट्टा १२ फिट अग्ला पर्खाल लगाइनु, मदरसाभित्रको गतिविधिमा राज्यको पहुँच शून्य हुनु र त्यहाँ हुने शैक्षिक गतिविधिबारे राज्यको निकाय बेखबर रहनुले अर्को पक्षको शङ्कास्पद मनोविज्ञानलाई प्रश्रय दिएको छ। जब मानिसहरूले अर्को समुदायको घरभित्र के भइरहेको छ भन्ने थाहा पाउँदैनन्, तब उनीहरूले त्यहाँ षड्यन्त्र भइरहेको अनुमान गर्न थाल्छन्। यो अनुमान नै अन्ततः हिंसामा बललिन सक्छ।

मदरसाहरूलाई केवल धार्मिक केन्द्रको रूपमा मात्र हेर्नु हुन्न, ती शैक्षिक केन्द्र पनि हुन्। तर, सुरक्षा अधिकारीहरू नै धार्मिक शिक्षाका लागि राज्यले किन र कसरी लगानी गर्ने ? कति लगानी गर्ने भन्नेजस्ता प्रश्न गर्छन्। नेपालको संविधानले धर्मनिरपेक्षताको व्याख्या गर्दा राज्यलाई सबै धर्मप्रति समान व्यवहार गर्ने र संरक्षण गर्ने जिम्मेवारी दिएको छ। तर, यसको अर्थ धार्मिक कट्टरता फैलाउने वा राष्ट्रिय मूलधारबाट अलग रहने शिक्षालाई आँखा चिम्लेर समर्थन गर्नु होइन।

मदरसाहरूमा दिनियात, अरबी र उर्दू पढाइनु सांस्कृतिक अधिकार हो, तर जब त्यहाँका विद्यार्थीहरूले आधुनिक विज्ञान, गणित र नेपाली राष्ट्रियताको शिक्षा पाउँदैनन्, उनीहरू समाजको मूलधारबाट कट्छन्। यसले गर्दा उनीहरूमा एउटा विशिष्ट पहिचान त निर्माण हुन्छ, तर नागरिकको रूपमा समाजसँग जोडिने कडी कमजोर हुन्छ। सुनसरी र मोरङका सीमावर्ती क्षेत्रमा रहेका मदरसाहरूको कानुनी हैसियत, तिनको पाठ्यक्रम र त्यहाँ कार्यरत शिक्षकहरूको पृष्ठभूमिको बारेमा राज्यसँग कुनै ठोस तथ्याङ्क नहुनु राष्ट्रिय सुरक्षाको दृष्टिकोणले पनि चुनौतीपूर्ण छ। केही वर्ष अगाडि सुनसरीमै खुर्सिद आलमको हत्या भएको घटना हामीले सुनेका छौँ। भारतीय मोष्ट वान्टेडलाई मदरसामा लुकाएर राखेकै कारण आलमको हत्या भएको सुरक्षा स्रोत दाबी गर्छ। सुनसरीको सिमाना भारतको बिहारसँग जोडिएको छ। यो खुला सिमाना केवल मानिस र सामानको आवतजावतको माध्यममात्र होइन। बरु विचार र कट्टरताको आयात-निर्यातको द्वार पनि बनेको छ। सुनसरीको देवानगञ्ज, कप्तानगञ्ज, भुटा र हरिनगर जस्ता क्षेत्रहरूमा बाह्य देशहरूको लगानी र धार्मिक प्रभाव बढ्दो छ। टर्की, कतार, पाकिस्तानबाट आउने आर्थिक सहयोग र तब्लिगी जमात जस्ता संस्थाहरूको गतिविधिले स्थानीय धार्मिक संरचनालाई प्रभावित पारेको छ। अर्कोतर्फ, भारतमा बढ्दो हिन्दुत्वको लहरले नेपालका सीमावर्ती क्षेत्रमा हिन्दु कट्टहरू पनि आक्रामक भएका छन्।

जब सिमानापारि कुनै धार्मिक घटना हुन्छ, त्यसको प्रत्यक्ष पराकम्पन कप्तानगञ्जमा महसुस हुन्छ। टुरिस्ट भिसामा नेपाल आएका विदेशीहरूले धार्मिक स्थलहरूमा गएर के गरिरहेका छन् ? उनीहरूले कस्तो प्रचार गरिरहेका छन् ? यसको अनुगमन गर्ने संयन्त्र राज्यसँग छैन या भएर पनि अनुगमन गर्दैन।

साउन १० को घटनामा प्रहरीले चलाएको गोलीका कारण तीन जनाको ज्यान गयो। भिड नियन्त्रणका लागि चाहिने आधुनिक र कम घातक उपकरणहरूको सट्टा प्रहरीसँग अझै पनि बीसौँ वर्ष पुराना एसएलआर राइफल छन्। रातको समयमा, बिजुली नभएको र चारैतिरबाट ढुङ्गामुढा भइरहेको अवस्थामा एउटा सामान्य जवानले कतिसम्म धैर्यता राख्न सक्छ ? जब प्रहरी आफैँ असुरक्षित महसुस गर्छ, तब उसले प्रतिरक्षाका लागि गोली चलाउँछ। कप्तानगञ्जको घटनामा प्रहरीको प्यानिक र प्रशिक्षणको अभाव स्पष्ट देखिन्छ। सुरक्षा निकायहरू केवल घटना भएपछि पुग्नेमात्र हुन् कि घटना हुनै नदिने सूचना संयन्त्र पनि राख्छन् ? सूचना सङ्कलनको यो असफलताले नै दुई जनाको ज्यान लिएको हो भन्ने प्रश्न पनि उठिरहेकै छ।

नेपालका राजनीतिक दलहरूका लागि साम्प्रदायिकता दुईधारे तरबार हो। चुनावका बेला भोटका लागि धार्मिक समूहहरूलाई रिझाउने र उनीहरूका कट्टरपन्थी मागहरूमा मौन बस्ने प्रवृत्तिले पनि आज यो अवस्था आएको हो। कतिपय स्थानीय नेताहरू आफैँ धार्मिक अभियानका अगुवा बनेका छन्। जब राज्यले अपराधीलाई उसको जात वा धर्मको आधारमा नम्र व्यवहार गर्छ, तब दण्डहीनता बढ्छ। एउटा समुदायले अर्को समुदायमाथि आक्रमण गर्दा यदि राजनीतिक पहुँचका आधारमा दोषी उम्किन्छ भने त्यसले पीडित समुदायमा प्रतिशोधको भावना जन्माउँछ। कप्तानगञ्जमा भएको झडप पनि यस्तै साना-साना प्रतिशोधहरूको सञ्चित स्वरूप थियो।



> कप्तानगञ्जको घटना फेरि नदोहोरियोस् भन्नका लागि केवल स्मृति पार्क बनाएर पुग्दैन। यसका लागि राज्य र समाजले पाँच वटा क्षेत्रमा तत्काल काम थाल्नुपर्छ। मदरसा र गुरुकुल दुवैलाई शिक्षाको राष्ट्रिय मूलधारमा ल्याउनुपर्छ। त्यहाँको पाठ्यक्रममा आधुनिक विषयहरुको ६० प्रतिशत र धार्मिक विषयहरुको ४० प्रतिशत हिस्सा हुनुपर्छ। प्रत्येक मदरसामा नेपाली भाषा र सामाजिक शिक्षा अनिवार्य गरिनुपर्छ ताकि विद्यार्थीहरुमा राष्ट्रिय पहिचान बलियो होस्। एक धर्मले अर्को धर्मलाई अपमानित गर्ने खालका पाठ्यक्रमहरु हटाउनु पर्छ।

**समाधान के ?**

कप्तानगञ्जको घटना फेरि नदोहोरियोस् भन्नका लागि केवल स्मृति पार्क बनाएर पुग्दैन। यसका लागि राज्य र समाजले पाँच वटा क्षेत्रमा तत्काल काम थाल्नुपर्छ। मदरसा र गुरुकुल दुवैलाई शिक्षाको राष्ट्रिय मूलधारमा ल्याउनुपर्छ। त्यहाँको पाठ्यक्रममा आधुनिक विषयहरूको ६० प्रतिशत र धार्मिक विषयहरूको ४० प्रतिशत हिस्सा हुनुपर्छ। प्रत्येक मदरसामा नेपाली भाषा र सामाजिक शिक्षा अनिवार्य गरिनुपर्छ ताकि विद्यार्थीहरूमा राष्ट्रिय पहिचान बलियो होस्। एक धर्मले अर्को धर्मलाई अपमानित गर्ने खालका पाठ्यक्रमहरू हटाउनु पर्छ।

धार्मिक संस्थाहरूमा आउने प्रत्येक पैसाको स्रोत स्पष्ट हुनुपर्छ। समाज कल्याण परिषद् र राष्ट्र बैंकमार्फत बाहेक सिधै आउने कुनै पनि विदेशी आर्थिक सहयोगलाई प्रतिबन्ध लगाउनुपर्छ। धार्मिक पर्यटनका नाममा आउने विदेशीहरूको भिसा र उनीहरूको गतिविधिलाई सुक्ष्म निगरानीमा राख्नुपर्छ। भिड नियन्त्रणका लागि प्रहरीलाई वाटर क्यानन, रबर बुलेट र टियर ग्यासका अत्याधुनिक स्वरूपहरू उपलब्ध गराउनुपर्छ। साथै, साम्प्रदायिक रूपमा संवेदनशील क्षेत्रमा खटिने प्रहरीहरूलाई स्थानीय संस्कृति, धर्म र मनोविज्ञानको बारेमा विशेष तालिम दिनुपर्छ।

स्थानीय सरकारको नेतृत्वमा हिन्दु, मुस्लिम र अन्य समुदायका अगुवाहरू सम्मिलित सद्भाव समिति प्रत्येक वडामा सक्रिय हुनुपर्छ। सानातिना विवादहरूलाई धार्मिक रङ दिनु अगाडि नै यी समितिहरूले संवादमार्फत समाधान गर्नुपर्छ। शङ्का मेटाउन खुलापन चाहिन्छ।

देवानगञ्ज जस्ता क्षेत्रमा राज्यको लगानी कुनै एक समुदायलाई लक्षित गरी होइन, सिङ्गो भूगोलको विकासका लागि हुनुपर्छ। जब सबैले विकासको फल समान रूपमा पाउँछन्, तब उनीहरूमा राज्यप्रतिको अपनत्व बढ्छ र धार्मिक कट्टरताले ठाउँ पाउँदैन।

सुनसरीको कप्तानगञ्जमा भएको दुःखद घटनाले सिङ्गो नेपाललाई झकझक्याएको छ। सुनसरीको घटनामा मृत्यु भएका युवाको रगतले हाम्रो सामाजिक सद्भावको कमजोरीलाई औँल्याएको छ। राज्य र पीडित पक्षबिच भएको ७ बुँदे सहमतिले तत्कालको घाउमा मलम त लगाएको छ, तर भित्री इन्फेक्सन अझै बाँकी छ।

हामीले बुझ्नुपर्छ कि धर्म व्यक्तिगत आस्थाको विषय हो, तर समाज र राष्ट्र साझा हो। अग्ला पर्खालहरूले सुरक्षा होइन, शङ्कामात्र दिन्छन्। जबसम्म हामी एक-अर्काको मदरसा वा मन्दिरभित्र के भइरहेको छ भनेर डराउनु पर्ने अवस्था रहन्छ, तबसम्म हाम्रो लोकतन्त्र सुरक्षित हुन सक्दैन। राज्य अब मूकदर्शक वा फायर फाइटरमात्र बनेर बस्नु हुन्न। उसले आफ्नो नियमनकारी भूमिकालाई सशक्त बनाउनुपर्छ। कानुन सबैका लागि बराबर हुनुपर्छ– चाहे त्यो हिन्दु सम्राट सेना होस् वा इस्लामिक संघ।

कप्तानगञ्जको माटोमा अब स्मृति पार्कमात्र होइन, विश्वासको पार्क पनि निर्माण हुनुपर्छ। जहाँ हिन्दु र मुस्लिमका छोराछोरीहरूले एक-अर्कालाई शत्रु होइन, नेपाली नागरिक र साथीका रूपमा चिन्न सकुन्। विविधता हाम्रो कमजोरी होइन, शक्ति हुनुपर्छ। साम्प्रदायिक सद्भाव केवल भाषणमा मात्र होइन, व्यवहारमा र कानुनको कार्यान्वयनमा देखिनुपर्छ। तब मात्र नेपालको राष्ट्रिय एकता कायमै रहनेछ।

स्वयम् धर्मगुरुहरू भन्छन्, ‘धार्मिक सहिष्णुता र सामाजिक सद्भाव कायम राख्नका लागि संवेदनशील घटनालाई आधार बनाएर समाजमा वैमनस्यता, द्वेष र विभाजन फैलाउने कुनै पनि गतिविधिमा संलग्न नहुन र आपसी विश्वास कायम गर्नु जरुरी छ।’ हिन्दु धर्मका गुरु पण्डित राजेन्द्र ढकाल, बौद्ध धर्मका लामा राजेन्द्र स्याङ्देन, ईसाई धर्मका पास्टर आकाश थुलुङ, इस्लाम धर्मका मौलाना मोहम्मद अताउल्लाह र किरात धर्मका गुरु धर्मराज लिम्बूले आइतबार जारी गरेको संयुक्त अपिलमा ‘समुदायमा शान्ति, संवाद र मेलमिलापको सन्देश फैलाउन आग्रह गर्दै हिंसा, घृणा र उत्तेजनाभन्दा सहिष्णुता, आपसी सम्मान र विवेकपूर्ण व्यवहारले मात्रै समाजलाई सुदृढ बनाउन सक्ने’ उल्लेख छ। हामी सबैले यही कुरालाई आत्मसात् गरौँ। देशमा सामाजिक सद्भाव बढाउन सबैले हातेमालो गरौँ। यो लेख रातोपाटीडटकमबाट साभार गरिएको छ।

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | दिनको सुरुवाती समयमा केही अलमल वा मानसिक चिन्ता रहन सक्छ। |
| वृष : | दिनभरिको समय निकै फलदायी रहनेछ। |
| मिथुन : | कार्यक्षेत्र र व्यापार व्यवसायका लागि आजको दिन निकै उत्तम छ। |
| कर्कट : | धार्मिक र सामाजिक कार्यमा रुचि बढ्नेछ। |
| सिंह : | वादविवाद र जोखिमपूर्ण कामबाट टाढै रहनुहोला। |
| कन्या : | दाम्पत्य जीवन र प्रेम सम्बन्धका लागि आजको दिन सुखद रहनेछ। |
| तुला : | शत्रु र प्रतिस्पर्धीहरुमाथि तपाईको जित हुनेछ। |
| वृश्चिक : | बौद्धिक, साहित्यिक र रचनात्मक कार्यका लागि आजको दिन उत्कृष्ट छ। |
| धनु : | पारिवारिक वातावरण केही असन्तुष्टि वा विवाद देखिन सक्छ। |
| मकर : | पराक्रम र आत्मविश्वासमा वृद्धि हुनेछ। |
| कुम्भ: | आर्थिक दृष्टिकोणले आजको दिन निकै बलियो छ। |
| मीन: | नयाँ वस्त्र वा उपहार प्राप्ति हुन सक्छ। मान-सम्मानमा वृद्धि हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सुनसरी घटनामा कमजोरी लुकाउन सरकारले देखावटी छानबिन समिति बनायो




**टुडे समाचारदाता**

काठमाण्डु । सुनसरी घटनामा सरकारले आफ्ना कमजोरी लुकाउन र जनतालाई भ्रम छर्नको लागि देखावटी समिति बनाएको आरोप नेपाली कांग्रेसले लगाएको छ।

काठमाण्डुमा बुधबार पत्रकार सम्मेलन गर्दै प्रवक्ता देवराज चालिसेले घटनाको निष्पक्ष छानबिन गर्नको लागि उच्चस्तरीय न्यायिक आयोगको माग गरे।

उनले भने, 'सुनसरीको देवानगञ्ज, कप्तानगञ्ज घटनामा सरकारले संयमता पनि गुमायो, जवाफदेहिता पनि सरकारमा देखिएन। के यस्तै हुन्छ सरकाररु जनताको प्रश्न हो । पछिल्लो समय देशको विभिन्न स्थानमा देखिएको सरकारी सुरक्षा प्रणालीको कमजोरी र सुरक्षा अनभिज्ञता, नीतिगत अनभिज्ञताले नागरिक सुरक्षालाई झन् असुरक्षित बनाएको छ।'

सरकारका व्यक्ति फेसबुकमा सीमित देखिएको भन्दै सरकारको उपस्थिति गोली, लाठी र दमनमा मात्रै भेटिन थालेको बताए।

उनले थपे, 'सरकार असंयमित भए पनि जनता संयमित भएर बस्नलाई अहिले शान्त हुँदै गएको छ। यी कुराहरू सामान्य घटना होइनन् । सरकारको नीतिहीनता र प्रशासनिक कमजोरीको नजरमा हेर्दा घटनालाई सरकारले ढाकछोप गर्न सक्दैन। ढाकछोप गर्न मिल्दैन।'

उनले आफ्ना कमजोरी लुकाउन बनाइएको समितिले स्थायी समाधान नदिने बताउँदै भदौको घटनामा पनि सर्वस्वीकार्य आयोगको अभाव देखिएको टिप्पणी गरे।

# नेपालमा दर्ता भएका ६० हजार गैससमध्ये १० हजार सक्रिय

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालमा दर्ता भएका गैरसरकारी संस्थाहरूमध्ये ठुलो संख्या निष्क्रिय रहेको एक तथ्यांकले देखाएको छ।

प्रतिनिधि सभा अन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिको बुधवारको बैठकमा समाज कल्याण परिषद्का सदस्यसचिव एवं महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव चक्रबहादुर बुढाले सो तथ्यांक सार्वजनिक गर्दै जानकारी गराए।

सदस्यसचिव बुढाका अनुसार समाज कल्याण परिषद्मा हालसम्म करिब ६० हजार गैरसरकारी संस्था (एनजीओ) आबद्ध भए पनि तीमध्ये करिब १० हजार मात्रै सक्रिय अवस्थामा रहेका छन् । त्यसैगरी हालसम्म करिब २५० अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आईएनजीओ) ले नेपालमा काम गरेको रेकर्ड भए पनि हाल १३६ वटा संस्था मात्रै सक्रिय आयोजनासहित सञ्चालनमा रहेका छन्।

समितिको बैठकमा विभिन्न अन्तर र्राष्ट्रिय संस्थाहरूको गतिविधि र कानुनी प्रक्रियाबारे जानकारी दिँदै सदस्यसचिव बुढाले इन्टरनेशनल कमिसन अफ जुरिस्ट (आईसीजे) को पछिल्लो अवस्थाबारे स्पष्ट पारेका छन्। आईसीजेले सन् २००९ देखि नेपालमा कार्य शुरु गरेको र पछिल्लो पटक सन् २०२२ फेब्रुअरी २५ मा ५ वर्षका लागि सम्झौता नवीकरण गरेको छ।



यस संस्थाले संक्रमणकालीन न्याय, मानव अधिकार, सर्वोच्च अदालतको नजिर र पीडित समूहको कानुनी अधिकारका क्षेत्रमा कार्य गर्दै आएको छ। हाल सो संस्थाले अपांगता भएका महिला तथा बालिकाहरूको अधिकारका लागि 'इनेबल' नामक नयाँ परियोजना प्रस्ताव गरेको र उक्त प्रस्ताव हाल मन्त्रालयको सहजीकरण समितिमा छलफलका क्रममा रहेको छ।

एम्नेस्टी इन्टरनेसनल नेपालको सन्दर्भमा यो संस्था २०६२ सालदेखि परिषद्मा आबद्ध रहेको र यसको आबद्धता २०८३ असार मसान्तसम्म बहाल रहने जानकारी दिइएको छ। एम्नेस्टीले सन् २०२६ का लागि ५ करोड १५ लाख ४२ हजार ५४० रुपैयाँको बजेटमा मानव अधिकार अभियान र वकालतसम्बन्धी आयोजना स्वीकृत गराएको छ। यसका लागि वैदेशिक सहायता लण्डनस्थित अन्तर्राष्ट्रिय सचिवालयबाट प्राप्त हुने परिषद्को रेकर्डमा देखिएको छ।

सदस्यसचिव बुढाले भने, 'समाज कल्याण परिषद्मा करिब ६० हजार एनजीओ आबद्ध छन्, जसमध्ये करिब १० हजार सक्रिय छन्।' उनले अघि थपे, 'नेपालमा हालसम्म करिब २५० आईएनजीओले काम गरेका छन् भने १३६ संस्था मात्र सक्रिय छन्।'

उनले आईसीजे सन् २००९ देखि परिषद्मा आबद्ध भई काम गरिरहेको र सन् २०२७ सम्मको परियोजना सञ्चालनमा रहेको बताएका छन्। यस्तै एम्नेस्टी इन्टरनेसनल नेपालले सन् २०२६ मा मानवअधिकारसम्बन्धी अभियान सञ्चालन गर्न करिब ५ करोड १५ लाख बजेटसहित परियोजना कार्यान्वयन गरिरहेको जानकारी उनले दिएका छन्।

ह्युमन राइट्स वाचको हकमा भने यो संस्था २०६४ सालमा परिषद्मा आबद्ध भए पनि हालसम्म कुनै पनि कार्यक्रमको स्वीकृति नलिएको र नवीकरणका लागि समेत नआएको सदस्यसचिव बुढाले बताएका छन् । संयुक्त विज्ञप्तिहरूमा उल्लेख हुने ह्युमन राइट्स वाच न्युयोर्कमा आधारित आइएनजीओ रहेको उनले स्पष्ट पारेका छन्।

उनले भने, 'ह्युमन राइट्स वाच २०६४ सालमा परिषद्मा आबद्ध भए पनि हालसम्म कुनै परियोजनाको स्वीकृति लिएको वा नवीकरण गरेको अभिलेख छैन।'

परियोजना स्वीकृति समाज कल्याण परिषद् र मन्त्रालयको निर्धारित प्रक्रियाअनुसार हुने उनले बताएका छन् । परिषद्ले गैरसरकारी संस्थाहरूको नियमनका लागि समाज कल्याण ऐन, २०४९ र नियमावलीअनुसार कार्य गर्दै आएको छ। संस्थाहरूले नेपालको प्रचलित कानुन र सम्झौताका सर्तहरू पालना नगरेमा स्पष्टीकरण सोध्ने, परियोजना सम्झौता रद्द गर्ने वा संस्था निलम्बन गर्नेसम्मको अधिकार सरकारलाई रहेको उनले जानकारी दिएका छन्।

उनले अघि थप्दै भने, 'कानुन वा सम्झौताको उल्लंघन भएमा परियोजना रद्द, निलम्बन वा अन्य कानुनी कारबाही गर्न सकिने व्यवस्था छ।'

# पेस्तोल सहित तीनजना पक्राउ



**टुडे समाचारदाता**

लहान । सिरहा प्रहरीले जिल्लाको लहान नगरपालिका-२२ सलोखरीबाट नाइन एमएम पेस्तोल र म्यागेजिनसहित तीन युवालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार नियमित सुरक्षा जाँचका क्रममा प्रहरी चौकी सितापुरबाट खटिएको टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको हो।

पक्राउ परेका लहान-२२ निवासी २० वर्षीय सबरजित दासले लगाएको पाइन्टको दाहिने गोजीबाट नाइन एमएम पेस्तोल बरामद भएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जनाएको छ।

घटनाका क्रममा सबरजितसँगै रहेका सोही स्थानका २० वर्षीय गुरुदेव दास र १९ वर्षीय संजय दासलाई पनि प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ। पक्राउ परेका तीनै जनालाई इलाका प्रहरी कार्यालय लहानमा राखी हतियारको स्रोत, प्रयोगको उद्देश्य तथा घटनासँग सम्बन्धित अन्य पक्षबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


# सर्पको टोकाइले बालिकाको मृत्यु

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको लालबन्दी नगरपालिका-२, नवलपुर गैरीटोलमा विषालु सर्प डस्दा एक अढाई वर्षिया बालिकाको मृत्यु भएको छ । घरमा खेलिरहेका बेला गोमन सर्पले डसेर अढाई वर्षिया बालिका शिवानीकुमारी बैठाको मृत्यु भएको हो।

मंगलवार दिउँसो खेलिरहेकी बालिका एक्कासी चिच्याएर रुन थालेपछि सर्पले डसेको आशंका गरी आमा र घरमा इन्टरनेट जोड्ने आएका युवकहरु मिलेर खोजी गर्दा गोमन सर्प फेला पारेका थिए। सर्पले डसेको पुष्टी भएपछि बालिकालाई उपचारका लागि लालबन्दी नगरपालिका-१, नवलपुरस्थित सर्पदंश उपचार केन्द्रमा ल्याइएको थियो।

बालिकालाई यहाँ आधा घण्टाजति उपचार गर्दा पनि अवस्था झन गम्भीर बन्दै गएपछि स्वास्थ्यकर्मीले भेन्टिलेटरको सुविधा रहेको बर्दिवास वा जनकपुर रेफर गरेका थिए । बर्दिवास लगेर परीक्षण गर्दा बालिकाको मृत्यु भएको पुष्टी चिकित्सकले पुष्टी गरे । नवलपुर सर्पदंश उपचार केन्द्रका इन्चार्ज एवं हेल्थ असिस्टेन्ट जगर्नाथ यादवले बालिकालाई विष चढिसकेर गम्भीर अवस्थामा ल्याइएकाले उपचार गर्न कठिनाई भएको बताए। उपचार केन्द्रको



भेन्टिलेटर सञ्चालनमा नरहेकाले एन्टीस्नेक भेनम चलाएर बर्दिवास रेफर गरिएको यादवको भनाइ छ। बालिकाको मृत्युपछि आज दिउँसो परिवार, गाउँले र केही युवाहरु भएर नवलपुर सर्पदंश उपचार केन्द्रमा आइ उपचार केन्द्रको लापरवाहीका कारण बालिकाको मृत्यु भएको आरोप लगाएका थिए।

सर्पदंश उपचार केन्द्रका स्वास्थ्यकर्मीले आफूहरुकहाँ भेन्टिलेटर लामो समयदेखि प्रयोगविहीन रहेको र एन्टिस्नेक भेनमको भरमा मात्र बालिकाको उपचार गर्न सम्भव नभएको भनी सम्झाएर पठाएका छन्।

हरिवनका नगरप्रमुख रमेश बुढाथोकी, लालबन्दी १ का वडाध्यक्ष हरिहर भट्टराई, उपचार केन्द्रका अध्यक्ष उद्धवप्रसाद पौडेललगायत भएर पनि सम्झाइबुझाइ गरेका छन् । नवलपुर सर्पदंश उपचार केन्द्रमा भेन्टिलेटर र आइसियूको सुविधा रहे पनि चलाउन जान्ने दक्ष जनशक्तिको अभावमा थन्काएर राख्नुपरेको हो।

सर्लाही १ की प्रतिनिधि सभा सदस्य नीतिमा भण्डारी कार्कीले केही समयअघि भेन्टिलेटर र आइसियू सञ्चालनका लागि स्वास्थ्य मन्त्री निशा मेहतालाई भेटरै ध्यानाकर्षण गराए पनि सुनुवाइ हुन सकेको छैन्। नवलपुर उपचार केन्द्र आफैले पनि भेन्टिलेटर सञ्चालनका लागि पालिका, प्रदेश र संघ सरकारकहाँ कयौँ पटक धाइसकेको तर सुनुवाई नभएको उपचार केन्द्रका अध्यक्ष उद्धवप्रसाद पौडेलले बताए।

अहिले बर्खा लागेपछि सर्पदंशका घटना झनै बढेका छन् । साउन लागेदेखि मात्र नवलपुर सर्पदंश उपचार केन्द्रमा सर्पले डसेका ९३ जना बिरामी आइसकेका छन्। हिजो एकै दिन १० जना बिरामी सर्पले डसेर उपचारका लागि पुगेका थिए।

# वन क्षेत्र विस्तारमा वृद्धि

**टुडे समाचारदाता**

जनकपुरधाम । पछिल्लो दुई दशकको अवधिमा धनुषामा वनक्षेत्र ११.१७ प्रतिशतले वृद्धि भएको छ। वन कार्यालय, निजी क्षेत्र तथा विभिन्न संघ संस्थाले वृक्षरोपण तथा हरियाली प्रवर्धनका कार्यक्रम सञ्चालन गरेपछि वनक्षेत्र विस्तार भएको दाबी गरिएको छ।

डिभिजन वन कार्यालय धनुषाको तथ्यांक अनुसार दुई दशकको अवधिमा तीन हजार ८० हेक्टर वनक्षेत्र विस्तार भएको छ। सन् २००० मा २७ हजार ५७८ हेक्टर वनक्षेत्र थियो भने सन् २०२३ मा बढेर ३० हजार ६५८ हेक्टर पुगेको छ।

डिभिजन वन कार्यालय धनुषाका डिभिजनल प्रमुख विनोद सिंहले वनक्षेत्र वृद्धि हुनुमा निजी क्षेत्रको महत्वपूर्ण योगदान रहेको बताउनुभयो। उहाँले राष्ट्रिय वनक्षेत्रको दायरा यथावत् रहेको बताउँदै निजी वनक्षेत्रमा वृद्धि भएकाले समग्रमा वनक्षेत्र बढेको बताएका छन्।

उनका अनुसार पछिल्ला वर्ष निजी जमिनमा उल्लेखनीय वृक्षरोपण भएको छ। वन कार्यालय, समृद्धि वन परियोजनालगायत विभिन्न विकास साझेदार संघ संस्था तथा नागरिक स्वयम् सक्रिय भएर वृक्षरोपण गरेकाले हरियाली क्षेत्र बढेको उनको भनाइ छ।



डिभिजनल प्रमुख सिंहले निजी जग्गामा आँपलगायतका विभिन्न फलफूल तथा काठजन्य बिरुवा अत्यधिक रोपिएको बताउनुभयो। वन संरक्षण र हरियाली प्रवर्धनप्रति नागरिकको चेतना बढ्दै जाँदा निजी वनको अवधारणा पनि विस्तार हुँदै गएको उनले जानकारी दिएका छन्।

वन अधिकृत तथा प्राविधिक अनिल साहका अनुसार एकै ठाउँमा आधा हेक्टर जमिनमा रुखबिरुवा भएको स्थानलाई वनक्षेत्रमा गणना गर्ने प्रावधान रहेको बताए। सोही मापदण्डका आधारमा निजी जग्गामा रोपिएको वृक्षलाई पनि वनक्षेत्रका रूपमा गणना गरिएको उनको भनाई छ।

उनका अनुसार पछिल्लो दुई दशकमा निजी जमिनमा आँप लगायत विभिन्न फलफूलका बोट, सिसौ, सपेता जस्ता काठजन्य प्रजातिका रुख उल्लेखनीय रूपमा बढेका छन्। किसानले व्यावसायिक खेतीसँगै वृक्षरोपणलाई आम्दानीको स्रोतका रूपमा लिन थालेपछि निजी वन विस्तार भएको उनले बताए।

उनले हरियाली प्रवर्धनका लागि गत आर्थिक वर्षमा मात्र निजी क्षेत्र तथा विभिन्न सङ्घ संस्थालाई गरी एक लाख ५० हजार बिरुवा वितरण गरिएको जानकारी दिदै नदी उकास, खाली सार्वजनिक जग्गा तथा अन्य उपयुक्त स्थानमा गरी ६० हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको बताए।

# 'वैदेशिक रोजगारीमा जाने श्रमिकले निश्चित शुल्क अनिवार्य तिर्नुपर्छ'

**टुडे समाचारदाता**



काठमाण्डु । वैदेशिक रोजगारीमा जाने श्रमिकले अनिवार्य रूपमा निश्चित शुल्क तिर्नुपर्ने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष डिकबहादुर खत्रीले बताएका छन्।

काठमाण्डुमा बुधबार उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बैठकमा वैदेशिक रोजगार व्यवस्थापन सम्बन्धमा भएको छलफलमा बोल्दै उनले वैदेशिक रोजगारीमा जाने श्रमिकले कानुनअनुसार केही निश्चित शुल्क आफैँले तिर्नुपर्ने व्यवस्था रहेको बताए।

श्रमिक बिमा, स्वास्थ्य परीक्षण, सामाजिक सुरक्षा कोष (एसएसएफ) र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको कल्याणकारी कोषलगायतका शीर्षकमा लाग्ने रकम श्रमिक स्वयंले तिर्नुपर्ने उनले स्पष्ट पारेका छन्। समाजमा वैदेशिक रोजगार व्यवसायीले यी सबै रकम आफ्नै खल्तीमा राख्ने गरेको भन्ने गलत धारणा बनेको उल्लेख गर्दै उनले त्यसलाई अन्त्य गर्न लागत संरचना पारदर्शी रूपमा सार्वजनिक गर्नुपर्नेमा जोड दिएका छन्।

वैदेशिक रोजगारीमा जान चाहने श्रमिकलाई सुरुदेखि नै कुन शीर्षकमा कति शुल्क लाग्छ भन्ने स्पष्ट जानकारी दिनुपर्ने उनको भनाइ छ । यसले उनीहरूलाई आवश्यक आर्थिक तयारी गर्न सहज हुने उनले बताएका छन्।

बैठकमा बोल्दै अध्यक्ष खत्रीले भने, 'हामीले बुझ्नुपर्ने कुरा के छ भने वैदेशिक रोजगारीमा जान एउटा निश्चित शुल्क श्रमिकले तिरेर जानु पर्नेछ। श्रमिक इन्स्योरेन्स, स्वास्थ्य परीक्षण, एस.एस.एफ र प्रवर्द्धन बोर्डको कल्याणकारी कोषसँग सम्बन्धित विषयहरू श्रमिकले नै तिरेर जानुपर्ने रकमहरू हुन्।'

नेपाली समाजमा व्यवसायीले ती रकम लिएर आफ्नो खल्तीमा राखे भन्ने गलत भाष्य निर्माण भएको उल्लेख गर्दै उनले थपे, 'वैदेशिक रोजगारीमा जान चाहने श्रमिकलाई अब यति चाहिँ तपाईँहरूको लाग्ने शुल्क नै हो है भनेर स्पष्ट रूपमा भन्दिनुपर्छ। त्यसो भयो भने उहाँहरू त्यो रकमको पनि प्रिपरेसन गर्नुहुन्छ।'

उनले वैदेशिक रोजगारसम्बन्धी ऐन संशोधन गर्न पनि माग गरेका छन्। साथै सरकारले घरेलु कामदार रोक्ने निर्णय गरेर अवैध रूपमा कामदार पठाउने वातावरण सिर्जना गरिरहेको आरोप पनि उनले लगाएका छन्।

# खाना पकाउने ग्यासको आपूर्ति सहज बनाउन निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय सभाको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिले बजारमा खाना पकाउने ग्यासको आपूर्ति तत्काल सुनिश्चित गर्न सरकारलाई निर्देशन दिएको छ।

सिंहदरबारमा बुधबार बसेको समितिको बैठकमा समिति सभापति जयन्तीदेवी राईले समितिको तर्फबाट सरकारलाई यस्तो निर्देशन दिइन्।

सभापति राईले उपभोक्ता हित संरक्षणका लागि बजार अनुगमनलाई प्रभावकारी बनाउन तथा आवश्यक नीतिगत र कार्यान्वयनका कदम तत्काल अघि बढाउन सरकारलाई निर्देशन दिइएको बताएकी छन्। देशभर गुणस्तरीय वस्तु तथा सेवाको आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन तथा कृत्रिम अभाव



र कालोबजारी नियन्त्रण गर्न समितिले जोड दिएको छ।

दैनिक उपभोग्य वस्तु तथा सेवाको अस्वाभाविक मूल्यवृद्धि नियन्त्रण गर्न, सर्वसाधारणको सहज पहुँच हुने गरी सुपथ मूल्य पसलको नियमित अनुगमन तथा क्षेत्रगत दायरा विस्तार गर्न र प्रत्येक पसलमा अनिवार्य रूपमा मूल्यसूची राख्ने व्यवस्था कार्यान्वयन गर्न पनि सरकारलाई निर्देशन दिइएको छ।


बैठकमा निर्णय सार्वजनिक गर्दै सभापति राईले भनिन्, 'बजारमा खाना पकाउने ग्यासको तत्काल सुनिश्चितता गर्ने, देशभर गुणस्तरीय वस्तु तथा सेवाको सहज आपूर्तिको व्यवस्था मिलाई कृत्रिम अभाव एवं कालोबजारी नियन्त्रण गर्ने निर्णय गरिएको छ।'

उनले अगाडि भनिन्, 'दैनिक उपभोग्य वस्तु तथा सेवाहरूको अस्वाभाविक मूल्य वृद्धिमा नियन्त्रण गर्ने र सर्वसाधारणको सहज पहुँच हुने गरी सुपथ मूल्य पसलहरूको नियमित अनुगमन र क्षेत्रगत दायरा विस्तार गर्ने निर्देशन दिइएको छ।'

यस्तै प्रत्येक पसलमा मूल्यसूची अनिवार्य रूपमा राख्ने व्यवस्था गर्न र तहगत सरकार एवम् अन्तरमन्त्रालयबिच समन्वय र सहकार्य गर्दै नियमित रूपमा बजार अनुगमन गर्न समितिले निर्देशन दिएको छ।

सभापति राईका अनुसार संघ, प्रदेश र स्थानीय तहका सरकारबिच तथा सम्बन्धित मन्त्रालयहरूबिच समन्वय र सहकार्य गर्दै नियमित बजार अनुगमन सञ्चालन गर्न सरकारलाई भनिएको छ।

# फरार १३ प्रतिवादी पक्राउ



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा प्रहरीले विभिन्न मुद्दामा अदालतबाट दोषी ठहर भई लामो समयदेखि फरार रहेका १३ जना प्रतिवादीलाई पक्राउ गरेको छ।

जिल्लाका विभिन्न स्थानमा विशेष खोजतलास अभियान सञ्चालन गरी कैद सजाय तथा जरिवानाको फैसला भइसकेका फरार प्रतिवादीहरूलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

प्रहरीका अनुसार पक्राउ परेकामध्ये ६ जना चेक अनादर मुद्दाका रहेका छन्। यस्तै, ३ जना घरेलु हिंसा, २ जना कुटपिट तथा १ जना बिगोभरि भराउने मुद्दामा दोषी ठहर भएका प्रतिवादी छन् । बिगोभरि भराउने मुद्दाका एक प्रतिवादीलाई अदालतले दुई वर्ष कैद सजाय सुनाएको थियो।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले पक्राउ परेका सबै प्रतिवादीलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी जिल्ला अदालत पर्सामा उपस्थित गराइएको जानकारी दिए। अदालतबाट फैसला भई फरार रहेका प्रतिवादीहरूको खोजी तथा पक्राउ अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिइने प्रहरीले जनाएको छ।


## शिलबन्दि दरभाउ प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२१)

आड्रा नेपालको कार्यक्रम संचालन भईरहेको क्षेत्रहरूका लागी इच्छुक आपूर्तिकर्ताहरूबाट Hotel Service तथा Vehicle Hiring Service को लागी आर्थिक बर्ष २०२६/०२७ का लागी शिलबन्दि दरभाउ प्रस्तावको आव्हान गरीएको छ । यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र फर्म दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाणपत्र तथा चालु आर्थिक वर्ष २०८१/८२ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि लगायत माग गरीएका कागजातहरु संलग्न गरी शिलबन्दि दरभाउ प्रस्ताव पेश गर्नुहुन अनुरोध छ । रीतपूर्वक भरीएको दरभाउ पत्रको प्रत्येक पानामा सही गरी सिलबन्दी गरी मिति २०८३/०४/२७ गते (१२ अगस्त २०२६) भित्र आड्रा नेपालको कार्यलयको निमन ठेगानामा वा tenders@adranepal.org ईमेलमा सही छाप गरीएको दरभाउपत्र ईमेल गरी पठाउनु पर्ने छ । तोकिएको समय भन्दा पछि आएका बोलपत्रहरु समावेश गर्ने वा नगर्ने अधिकार आड्रा नेपालमा निहित रहने छ ।

Locations for service delivery: Sarlahi, Rautahat, Bardibash, Janakpur

दरभाउ प्रस्ताव पत्र, TOR, code of Conduct तथा विस्तृत जानकारीका तथा आड्रा नेपालको वेवसाइटको निम्न ठेगानाबाट प्राप्त गर्नु हुन अनुरोध छ ।

https://adranepal.org/get-involved/express-of-interest-2/

ADRA

अन्य थप जानकारीका लागी:
संपर्क ईमेल : procurement@adranepal.org
आड्रा नेपाल , बखुण्डोल, मैत्री मार्ग, ललितपुर
फोन नं. ०१-५५५५९२३, ५५५५९२४

# तलबवृद्धि कार्यविधि तयारी अन्तिम चरणमा




**टुडे समाचारदाता**

जनकपुरधाम । आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत घोषणा गरिएको सरकारी कर्मचारीको तलबवृद्धि कार्यान्वयन गर्न मधेस प्रदेश सरकारले आवश्यक कार्यविधि तयारी अन्तिम चरणमा पुगेको छ।

कार्यविधि अनुसार कार्यसम्पादन मूल्यांकनमा न्यूनतम ७५ प्रतिशत अंक प्राप्त गर्ने कर्मचारीले मात्रै कार्यक्षमतामा आधारित अतिरिक्त सुविधा पाउने भएका छन् । अर्थ मन्त्रालयका उपसचिव जयकुमार राउतका अनुसार मन्त्रालयले तयार गरेको कार्यविधि मन्त्रिपरिषद्बाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

संघीय सरकारले कर्मचारीको आधारभूत तलबमा १० प्रतिशत वृद्धि गर्ने तथा कार्यसम्पादन मूल्याङ्कनका आधारमा थप प्रोत्साहन उपलब्ध गराउने व्यवस्था गरेपछि मधेश प्रदेशको अर्थ मन्त्रालयले त्यसको कार्यान्वयनका लागि मापदण्ड तयार गरिरहेको हो। सम्बन्धित मन्त्रालय र कार्यालयहरूले सोही कार्यविधिका आधारमा कर्मचारीको मूल्यांकन गरी प्रोत्साहन सुविधा पाउने वा नपाउने निर्णय गरिनेछ।

मन्त्रालयका अनुसार कार्यसम्पादन मूल्याङ्कनका लागि करिब १० वटा सूचक समावेश गरिनेछ । कार्यालय प्रमुख, लेखा र प्रशासन शाखाका प्रतिनिधि रहेको समितिले कर्मचारीको मूल्याङ्कन गर्ने व्यवस्था रहनेछ।

प्राविधिक र अप्राविधिक दुवै समूहका कर्मचारीका लागि ४० प्रतिशत अंक समान प्रकृतिका सूचकबाट निर्धारण गरिनेछ भने बाँकी ६० प्रतिशत अंक कर्मचारीले गर्ने काम र जिम्मेवारीको आधारमा प्रदान गरिनेछ।

स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीका हकमा बिरामीप्रतिको व्यवहार, स्वास्थ्य प्रवर्द्धन तथा जनचेतनामूलक गतिविधिमा सहभागिता, कार्यदक्षता, अनुशासन र आचरणलगायतका सूचकका आधारमा मूल्याङ्कन गरिने मन्त्रालयले जनाएको छ।

मूल्यांकन सम्पन्न भएपछि सम्बन्धित कार्यालयले प्रतिवेदन माथिल्लो निकायमा पठाउनुपर्ने व्यवस्था रहनेछ भने कार्यविधिले सबै सरकारी कार्यालयमा डिजिटल हाजिरी प्रणाली अनिवार्य गर्ने तयारी पनि गरेको छ।

हाल डिजिटल हाजिरी नभएका कार्यालयमा रजिस्टरमा रहेको हाजिरी अभिलेखका आधारमा मूल्याङ्कन गरिए पनि कार्यविधि लागू भएपछि डिजिटल हाजिरी अनिवार्य हुने मन्त्रालयको भनाइ छ । पछिल्ला तीन-चार वर्षदेखि तलब तथा सेवासुविधा नबढेको भन्दै कर्मचारीले निरन्तर असन्तुष्टि जनाउँदै आएको छ।

सरकारले बजेटमार्फत तलब पुनरावलोकनको घोषणा गरे पनि साउनको तेस्रो सातासम्म कार्यविधि स्वीकृत नभएकाले बढेको तलब तथा कार्यसम्पादनमा आधारित अतिरिक्त सुविधा साउन महिनादेखि नै लागू हुन्छ वा पछि भन्ने विषयमा अन्योलता रहेको छ।

# कागजमै सिमित भयो मन्त्रालय घटाउने सहमति

कांग्रेस, नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेताहरूले हस्ताक्षर गरेको सहमतिपत्रको ४ नम्बर बुँदामा भनिएको छ, "आ.व. २०८३/०८४ बाट कायम हुने गरी हाल मधेस प्रदेश सरकारमा कायम रहेको मन्त्रिपरिषद्मा मन्त्रीहरूको संख्या घटाई मुख्यमन्त्रीसहित नौ कायम गरिनेछ ।"

**टुडे समाचारदाता**

जनकपुरधाम । मन्त्रालयको संख्या घटाउने मधेस प्रदेश सरकाका सत्तारुढ दलको सहमति कागजमै सीमित भएको देखिएको छ।

नेपाली कांग्रेसका कृष्णप्रसाद यादव नेतृत्वको मधेस सरकारले गएको जेठ १२ गते सत्ता साझेदार दलसँग १५ बुँदे सहमति गरेको थियो । सहमतिका प्रमुख बुँदा आर्थिक वर्ष २०८३/०८४ देखि मधेसमा मुख्यमन्त्रीसहित नौ मात्र मन्त्रालय कायम गर्ने रहेको थियो।

कांग्रेस, नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेताहरूले हस्ताक्षर गरेको सहमतिपत्रको ४ नम्बर बुँदामा भनिएको छ, "आ.व. २०८३/०८४ बाट कायम हुने गरी हाल मधेस प्रदेश सरकारमा कायम रहेको मन्त्रिपरिषद्मा मन्त्रीहरूको संख्या घटाई मुख्यमन्त्रीसहित नौ कायम गरिनेछ।"

मन्त्रिपरिषद्को संख्या नौ कायम भएपश्चात् मन्त्रालयको बाँडफाँट गर्दा मुख्यमन्त्रीलाई साझा राख्दै नेकपा (एमाले)ले तीनवटा, नेपाली कांग्रेसले तीनवटा र नेपाली कम्युनिस्ट पार्टीले दुईवटा मन्त्रालय पाउनेछ। तर, नयाँ आर्थिक वर्ष सुरु भएको तीन साता बितिसक्दा मधेसमा मन्त्रालय घटाउने विषयमा औपचारिक प्रक्रिया थालिएको छैन।

मन्त्रालय घटाउन अर्थमन्त्री युवराज भट्टराईको नेतृत्वमा जेठ २० गते तीन सदस्यीय कार्यदल पनि गठन गरिएको थियो । ती कार्यदलले आफ्नो प्रतिवेदन बुझाइसकेपनि मुख्यमन्त्रीले चासो लिएको छैन । नेकपा र एमालेबीचको तीन बुँदे सहमतिले सरकार आफै अन्यौलतामा परेपछि मुख्यमन्त्री यादवले आफ्नो कुर्सी बचाउन मन्त्रालय घटाउने मुद्दामा चासो नलिएको बुझिएको छ।

मुख्यमन्त्री कृष्णप्रसाद यादवले मन्त्रालय घटाउने प्रक्रिया अगाडि बढाउन बाँकी नै रहेको बताए। "स्थिति, परस्थिति फरक भएको छ। त्यही भएर प्रक्रिया अगाडि बढेको छैन्," उनले भने, "प्राविधिक कुराहरू मिलाउनुपर्छ। हामी लागिरहेका छौं। जनतालाई रिजल्ट चाहिएको छ, हामी दिन्छौं।"




> "स्थिति, परस्थिति फरक भएको छ । त्यही भएर प्रक्रिया अगाडि बढेको छैन्," उनले भने, "प्राविधिक कुराहरू मिलाउनुपर्छ । हामी लागिरहेका छौं । जनतालाई रिजल्ट चाहिएको छ, हामी दिन्छौं ।" – मुख्यमन्त्री

कहिलेसम्म मन्त्रालय घटाउने भन्ने विषयमा उनले यकिनसाथ भन्न नसकिने प्रतिक्रिया दिए। मधेस प्रदेशसभामा एमाले संसदीय दलका नेता सरोजकुमार यादव (महोत्तरी)ले मन्त्रालय घटाउने प्रक्रिया अगाडि बढाउन मुख्यमन्त्रीलाई दुईपटक भनिए पनि चासो नदिएको गुनासो गरे। अबको एक साताभित्र यो प्रक्रिया अगाडि बढाउन पुनः झकझक्याइने उनले बताए।

एमालेका मन्त्री दोहोरिने कि फेरिने विषयमा उनले पार्टी नेतृत्वसँग छलफल गरेर अगाडि बढ्ने बताए । मन्त्रीहरूको कार्यसम्पादनबारे पार्टी केन्द्रमा जानकारी गराइने उनले उल्लेख गरे । पार्टी नेतृत्वसँग सल्लाह गरेर मन्त्री फेर्ने/निरन्तरता दिने निर्णय गरिने उनले जानकारी दिए।

नेकपाबाट उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री बनेका कनिश पटेलले यो विषयमा छलफल चलिरहेको बताए। तर, कुनै निर्णय नभएको उनले जानकारी दिए। एक साताभित्र यो विषयमा यकिनसाथ भन्न नसकिने उनको भनाइ छ।

यस वर्ष वैशाख २३ गते जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिएर अर्को सत्तासमीकरण बनाउने प्रयास गरेको थियो । तर, मुख्यमन्त्री यादवले जनता समाजवाद पार्टी (जसपा), नेपालका मन्त्रीलाई बर्खास्त गर्दै एमालेलाई सरकारमा ल्याएका थिए। हाल जसपा नेपाल, जनमत र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मधेसमा प्रतिपक्षको भूमिका छन्।

## अनैतिक कार्यमा संलग्न १२ जना पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज। वीरगञ्ज महानगरपालिका-१६ इनर्वास्थित भन्सार क्षेत्रका दुई होटलमा छापामारी गरी पर्सा प्रहरीले अनैतिक क्रियाकलापमा संलग्न रहेको आशंकामा होटल सञ्चालकसहित १२ जनालाई पक्राउ गरेको छ।

वडा प्रहरी कार्यालय वीर्ताबाट प्रहरी निरीक्षक विक्रम सुवेदीको नेतृत्वमा खटिएको टोलीले स्थानीय अभिषेक होटलसहित दुई होटलमा छापामारी गरी सात महिला र पाँच पुरुषलाई नियन्त्रणमा लिएको हो।

जिल्ला प्रहरी कार्यालय पर्साका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लका अनुसार पक्राउ परेकामध्ये एक जना ४० वर्षीया होटल सञ्चालक महिला हुन्। पक्राउ परेकामध्ये नौ जना भारतीय नागरिक र तीन जना नेपाली महिला रहेका छन्।

प्रहरी निरीक्षक सुवेदीका अनुसार ती होटलहरूमा केही दिनदेखि अनैतिक गतिविधि सञ्चालन भइरहेको भन्ने गुनासो प्राप्त भएपछि प्रहरीले गोप्य निगरानी बढाएको थियो। निगरानीका क्रममा अनैतिक क्रियाकलाप भइरहेको पुष्टि भएपछि छापा मारिएको उनले बताए।


प्रहरी होटलमा पुगेर सोधपुछ तथा पक्राउ प्रक्रिया अघि बढाउने क्रममा अर्को होटलका सञ्चालक भने फरार भएका छन्। फरार व्यक्तिको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार पक्राउ परेका व्यक्तिहरूको उमेर १९ देखि ४० वर्षसम्म रहेको छ।

उनीहरूलाई आवश्यक अनुसन्धानका लागि नियन्त्रणमा राखिएको छ भने प्रचलित कानुनबमोजिम थप अनुसन्धान तथा कारबाही प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

# धनुषामा सम्बन्ध विच्छेदको घटनामा वृद्धि

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्लामा सम्बन्ध विच्छेदको मुद्दा निरन्तर बढ्दै गएको छ । वैवाहिक सम्बन्धमा तनाव बढ्दै गएको संकेत गर्दै सामाजिक, आर्थिक र पारिवारिक परिवेशमा आएको परिवर्तन यसको प्रमुख कारण रहेको जिल्ला अदालतको तथ्यांकले देखाउंछ।



जिल्ला अदालतका सूचना अधिकारी हेमकुमार महतोका अनुसार आर्थिक वर्ष २०८२/८३ मा सम्बन्धविच्छेदसम्बन्धी ३३३ वटा नयाँ मुद्दा दर्ता भएका छन् । अघिल्लो आर्थिक वर्षबाट सरेर आएका १६७ मुद्दासहित अदालतमा कुल ५०० वटा सम्बन्धविच्छेदका मुद्दा विचाराधीन रहेका थिए। तीमध्ये २८१ मुद्दाको टुंगो लागिसकेको छ भने २१९ मुद्दा अझै फैसला हुन बाँकी छन्।

यसअघि आर्थिक वर्ष २०८१/८२ मा ३१५ वटा नयाँ मुद्दा दर्ता भएका थिए। सो वर्ष ३४७ मुद्दाको फैसला भएको थियो भने १६७ मुद्दा चालु आर्थिक वर्षमा सरेका थिए । लगातार बढ्दो दर्ताले जिल्लामा वैवाहिक सम्बन्धमा दरार बढ्दै गएको संकेत गरेको छ।

शिक्षाको विस्तार, महिलाको आर्थिक तथा सामाजिक सशक्तीकरण, वैदेशिक रोजगारीका कारण पति-पत्नी लामो समयसम्म अलग बस्नुपर्ने अवस्था, सामाजिक सञ्जालको बढ्दो प्रभाव, घरेलु हिंसा र पारिवारिक विवादजस्ता कारणले सम्बन्धविच्छेदका घटना बढ्दै गएको कानुन व्यवसायी राजकुमार महासेठको भनाई छ।

उनले गरिबी, बेरोजगारी, बदलिँदो जीवनशैली, व्यक्तिगत स्वतन्त्रताप्रतिको बढ्दो चेतना तथा वैदेशिक रोजगारीबाट आएको सामाजिक परिवर्तनले पनि दाम्पत्य सम्बन्धमा नयाँ चुनौती थपेको बताए। उनका अनुसार अहिले महिला र पुरुष दुवैले आफू अन्यायमा परेको महसुस भए कानुनी उपचार खोज्ने प्रवृत्ति बढेको छ।

अर्का कानुन व्यवसायी दीपककुमार विश्वकर्माले सम्बन्धविच्छेदका मुद्दा बढ्दै जाँदा अदालतमा पारिवारिक विवाद समाधानका लागि मध्यस्थता सेवाको आवश्यकता पनि बढेको बताए। समयमै वैवाहिक परामर्श, मनोवैज्ञानिक सहयोग, पारिवारिक संवाद र वैवाहिक शिक्षालाई प्रभावकारी बनाउन सके सम्बन्ध विच्छेदका घटनामा कमी ल्याउन सकिने उनको भनाइ छ।

कानुन व्यवसायीहरूका अनुसार बढ्दो सम्बन्धविच्छेदका घटनाले एकातिर व्यक्तिगत अधिकारप्रति समाजमा चेतना बढेको देखाए पनि अर्कोतर्फ परिवारभित्र संवाद, सहिष्णुता र आपसी समझदारी कमजोर बन्दै गएको संकेत पनि गरेको छ।

## तेलहा पोखरीमा डुबेर युवकको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधामस्थित जानकी मन्दिर नजिक रहेको तेल्हा पोखरीमा डुबेर भारतबाट दर्शनका लागि आएका एक युवकको मृत्यु भएको छ।

मृत्यु हुनेमा भारतको बिहार राज्यस्थित हाजीपुर निवासी २० वर्षीय आदर्शकुमार झा रहेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेले जनाएको छ।

उनी साथीहरूसँग जानकी मन्दिर दर्शन गर्न जनकपुरधाम आएका बेला गएराति तेल्हा पोखरीमा डुबेका थिए। पोखरीमा डुबेको थाहा पाएलगत्तै स्थानीय युवाहरूले उनको उद्धार गरी उपचारका लागि प्रादेशिक अस्पताल, जनकपुरधाम पुऱ्याएका थिए। तर, उपचारकै क्रममा चिकित्सकले उनलाई मृत घोषणा गरेका हुन्।

प्रहरीले मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पतालमा राखिएको जनाएको छ। घटनाको कारण खुल्न बाँकी रहेको र यस सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ।




# सुनसरी र सिरहा घटनाका मृतकलाई राहत दिने निर्णय

**टुडे समाचारदाता**

जनकपुरधाम। सुनसरी र सिरहामा हालै भएका प्रदर्शनका क्रममा गोली लागेर ज्यान गुमाएकाका परिवारलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने नेपाल सरकारले निर्णय गरेको छ।



बुधबार बसेको मन्त्रिपरिषद् बैठकले सुनसरीमा प्रदर्शनका क्रममा मृत्यु भएका तथा घाइते भएकाहरूलाई राहत, क्षतिपूर्ति र उपचारको व्यवस्था गर्ने निर्णय गरेको सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिए।

यद्यपि, राहत तथा क्षतिपूर्तिको रकम भने सरकारले हालसम्म सार्वजनिक गरेको छैन। पछिल्ला दिनहरूमा सुनसरी र सिरहामा भएका प्रदर्शनका क्रममा सुनसरीमा तीन जना र सिरहामा एक जना गरी चार जनाको मृत्यु भएको छ।

घटनामा घाइते भएका व्यक्तिहरूको उपचारको जिम्मेवारी पनि सरकारले लिने निर्णय गरेको जनाएको छ। सरकारले घटनाप्रति दुःख व्यक्त गर्दै प्रभावित परिवारलाई आवश्यक सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ। साथै, घटनाको थप अनुसन्धान र शान्ति सुरक्षा कायम गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिइएको बताइएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८